# कनकाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## जामुनबारी-१, झापा
## १. नं. प्रदेश, नेपाल

Ph.no: 023401144,023401155
Website: www.kankaimun.gov.np
E-mail: info@kankaimun.gov.np

पत्र सं :
चलानी नं.

मितिः२०७७/११/०९

**बेरोजगार व्यक्ति सूचिकरणको लागि आवेदन खुलेको सूचना।**

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मिति २०७७/१०/२५ च.नं २५८ को पत्रानुसार, आर्थिक वर्ष २०७८/७९ मा बेरोजगार व्यक्तिलाई स्थानीय तहबाट प्रदान गरिने न्यूनतम रोजगारीमा सहभागी भई काम गर्न ईच्छुक बेरोजगार व्यक्तिहरुका लागि २०७७ फागुन १ गतेदेखि २०७७ फागुन २९ गते भित्र स्थायी बसोवास गरेको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचिमा सूचिकृत हुन निवेदन खुला भएकोले, त्यस अवधिमा निवेदन फारम रितपूर्वक भरी सम्बन्धित वडा कार्यालय वा रोजगार सेवा केन्द्रमा बुझाउनुहुन अनुरोध छ।

**अनिवार्य भर्नुपर्ने विवरण**

१. निवेदक सहित परिवारका सम्पूर्ण सदस्यहरुको नाम, निवेदकसँगको नाता, जन्म मिति, नागरिकता नं, नागरिकता जारी मिति, नागरिकता जारी जिल्ला।
२. निवेदक सहित सम्पूर्ण सदस्यको शैक्षिक योग्यता, सीप, दक्षता तथा रोजगारीको अवस्था ( स्वदेश, विदेश)।
३. नागरिकतामा अन्यत्र पालिकाको बसोवास भएमा बसाईसराई वा विवाह दर्ताको प्रमाणपत्रको प्रतिलिपि सहित विवरण।
४. कुल वार्षिक आय, पारिवारिक आय, परिवारिका कुनै सदस्यले समाजिक सुरक्षा भत्ता वा पेन्सन पाएको नपाएको।
५. निवेदकको सम्पर्क नं.।
६. वैदेशिक रोजगारीबाट फर्किएको वा श्रम स्विकृती प्राप्त गरी जान नपाएको भए फारममा मागे अनुसारको विवरण।
७. फारममा मागे अनुसारको सम्पूर्ण विवरण रितपूर्वक र यथार्थ भर्नुपर्नेछ अन्यथा निवेदन स्विकृत हुने छैन।

**निवेदनसाथ पेश गर्नुपर्ने कागजातहरु**

१. निवेदकको १ प्रति नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

२. निवेदकको १ प्रति पासपोर्ट साईजको फोटो।

रोजगार संयोजक (शा.अ)

सरोज मैनाली
रोजगार संयोजक (शाखा अधिकृत)